## संगमयुगमा प्राप्त अधिकारद्वारा विश्व राज्य अधिकारी

बापदादाले आज स्वराज्य अधिकारी श्रेष्ठ आत्माहरूको दिव्य दरबारलाई हेरिरहनु भएको थियो। विश्व राज्य दरबार र स्वराज्य दुवै दरबार अधिकारी तिमी श्रेष्ठ आत्माहरू बन्छौ। स्वराज्य अधिकारी नै विश्व राज्य अधिकारी बन्छन्। यस्तो डबल नशा सदा रहन्छ? बाबाको बन्नु अर्थात् अनेक अधिकार प्राप्त गर्नु। कति प्रकारका अधिकार प्राप्त गरेका छौ, थाहा छ? अधिकार मालालाई याद गर। पहिलो अधिकार– परमात्म बच्चा बनेर सर्व श्रेष्ठ माननीय पूज्यनीय आत्मा बन्ने अधिकार पायौ। बाबाको बच्चा नबने सम्म पूज्यनीय आत्मा बन्ने अधिकार प्राप्त हुन सक्दैन। त्यसैले पहिलो अधिकार– पूज्यनीय आत्मा बन्यौ। दोस्रो अधिकार– ज्ञानको खजानाको मालिक बन्यौ अर्थात् अधिकारी बन्यौ। तेस्रो अधिकार– सर्व शक्तिहरूको प्राप्तिको अधिकारी बन्यौ। चौथो अधिकार– सर्व कर्मेन्द्रिय जीत स्वराज्य अधिकारी बन्यौ। यी सर्व अधिकारद्वारा मायाजीत सो जगत जीत विश्व राज्य अधिकारी बन्छौ। त्यसैले आफ्ना यी सर्व अधिकारलाई सदा स्मृतिमा राखेर समर्थ आत्मा बन्छौ। यस्तो समर्थ बनेका छौ नि।

स्वराज्य अथवा विश्वको राज्य प्राप्त गर्नको लागि विशेष तीन कुराको धारणाबाट नै सफलता प्राप्त गर्न सक्छौ। कुनै पनि श्रेष्ठ कार्यको सफलताको आधार त्याग, तपस्या र सेवा हो। यी तीनै कुराको आधारमा सफलता हुन्छ वा हुँदैन, यो प्रश्न नै उठ्न सक्दैन। जहाँ तीनै कुराको धारणा हुन्छ त्यहाँ सफलता हुन्छ नै। भइ नै सकेको छ। त्याग कुन कुराको? केवल एउटा कुराको त्यागले सबै त्यागलाई सहज र स्वत: गराउँछ। त्यो एउटा त्याग हो– देह भानको त्याग, जसले हदको मेरो-पनको त्यागलाई सहज गराइदिन्छ। यो हदको मेरोपनले तपस्या र सेवाबाट बञ्चित गराइदिन्छ। जहाँ हदको मेरो-पन हुन्छ त्यहाँ त्याग, तपस्या र सेवा हुन सक्दैन। हदको म र मेरो-पन, यो एउटा कुराको त्याग चाहिन्छ। म र मेरो समाप्त भयो भने बाँकी के रह्यो? बेहदको रह्यो। म एउटा शुद्ध आत्मा हुँ र मेरो त एक बाबा दोस्रो न कोही। त्यसैले जहाँ बेहदका बाबा सर्वशक्तिमान हुनु हुन्छ, त्यहाँ सफलता सदा साथ हुन्छ। यही त्यागद्वारा तपस्या पनि सिद्ध हुन्छ। तपस्या के हो? म एकको हुँ। एकको श्रेष्ठ मतमा चल्नेवाला हुँ। यसैबाट एकरस स्थिति स्वत: हुन्छ। सदा एक परमात्माको स्मृति, यही तपस्या हो। एकरस स्थिति, यही श्रेष्ठ आसन हो। कमल पुष्प समान स्थिति, यही तपस्याको आसन हो। त्यागले तपस्या स्वत: नै सिद्ध हुन्छ। जब त्याग र तपस्या स्वरूप बन्छौ तब के हुन्छ? आफ्नोपनको त्याग अथवा म र मेरो-पन समाप्त हुन्छ। एकको लगनमा मग्न तपस्वी बन्यौ भने सेवा विना रहन सक्दैनौ। यो हदको म र मेरोले सच्चा सेवा गर्न दिँदैन। त्यागी र तपस्वी मूर्त नै सच्चा सेवाधारी हुन्छन्। मैले यो गरें, म यस्तो छु, यस्तो देहको भान थोरै पनि आयो भने सेवाधारीको बदलामा के बन्छौ? केवल नामधारी सेवाधारी बन्छौ। सच्चा सेवाधारी बन्दैनौ। सच्चा सेवाको आधार हो त्याग र तपस्या। यस्ता त्यागी तपस्वी सेवाधारी सदा सफलता स्वरूप हुन्छन्। विजय र सफलता उनीहरूको गलाको माला बन्छ। जन्म-सिद्ध अधिकारी बन्छ। त्यसैले बापदादाले विश्वका सर्व बच्चाहरूलाई यही श्रेष्ठ शिक्षा दिनु हुन्छ– त्यागी बन, तपस्वी बन, सच्चा सेवाधारी बन।

आजको संसार मृत्युको भयको संसार हो। (हुरी-बतास आयो) प्रकृति हलचलमा भए पनि तिमीहरू त अचल छौ नि! तमोगुणी प्रकृतिको काम हो हलचल गर्नु र तिमी अचल आत्माको काम हो प्रकृतिलाई पनि परिवर्तन गर्नु। केही नयाँ होइन। यो सबै त हुनु नै छ। हलचलमा नै त अचल बन्छौ। त्यसैले स्वराज्य अधिकारी दरबार निवासी श्रेष्ठ आत्माहरूले बुझ्यौ? यो पनि राज्य दरबार हो नि। राजयोगी अर्थात् स्वको राजा। राजयोगी दरबार अर्थात् स्वराज्य दरबार। तिमीहरू सबै पनि राजनेता बन्यौ नि। उनीहरू हुन् देशका राजनेता र तिमीहरू हौ स्वराज्य नेता। नेता अर्थात्

नीति प्रमाण चल्नेवाला त्यसैले तिमीहरू धर्मनीति, स्वराज्य नीति प्रमाण चल्ने स्वराज्य नेता हौ। यथार्थ श्रेष्ठ नीति अर्थात् श्रीमत। श्रीमत नै यथार्थ नीति हो। यस नीतिमा चल्नेहरू सफल नेता हुन्छन्।

बापदादाले देशका नेताहरूलाई बधाई दिनु हुन्छ किनकि मेहनत त गर्छन् नि। अनेक किसिमका छन्, फेरि पनि देश प्रति लगन छ। हाम्रो राज्य अमर रहोस्– यस्तो लगनले मेहनत त गर्छन् नि। हाम्रो देश उंच रहोस्, यो लगनले स्वत: मेहनत गराउँछ। अब समय आउने छ जब राज्य सत्ता र धर्म सत्ता दुवै साथ हुन्छन्, तब विश्वमा भारतको जय-जयकार हुन्छ। भारत नै लाइट हाउस हुन्छ। भारत तर्फ सबैको दृष्टि हुन्छ। भारतलाई नै विश्व प्रेरणा पुंज अनुभव गर्ने छन्। भारत अविनाशी खण्ड हो। अविनाशी बाबाको अवतरण भूमि हो त्यसैले भारतको महत्त्व सदा महान छ। अच्छा।

सबै आफ्नो मीठो घरमा पुग्यौ। बापदादाले सबै बच्चाहरूलाई आएकोमा बधाई दिइरहनु भएको छ। आयौ, राम्रो भयो। बाबाको घरका श्रृङ्गार आयौ। अच्छा।

सबै सफलताका सिताराहरूलाई, सदा एकरस स्थितिको आसनमा स्थित रहने तपस्वी बच्चाहरूलाई, सदा एक परमात्म श्रेष्ठ यादमा रहने महान आत्माहरूलाई, श्रेष्ठ भावना श्रेष्ठ कामना गर्ने विश्व कल्याणकारी सेवाधारी बच्चाहरूलाई बापदादाको याद-प्यार एवं नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

## अव्यक्त बापदादा सँग गुजरात राज्यका मुख्य मन्त्रीको भेटघाट

बाबाको घरमा अर्थात् आफ्नो घरमा आयौ। बाबालाई थाहा छ– सेवामा लगन राम्रो छ। करोडौंमा कोही यस्ता सेवाधारी छौ, त्यसैले सेवाको मेहनतको आन्तरिक खुशी प्रत्यक्षफलको रूपमा सदा मिलिरहने छ। यो मेहनत सफलताको आधार हो। यदि सबै निमित्त सेवाधारीले मेहनतलाई अपनाएमा भारत राज्यले सदा सफलता पाइरहने छ। सफलता त मिल्नु नै छ, यो निश्चित छ। तर जो निमित्त बन्छन्, निमित्त बन्नेलाई सेवाको प्रत्यक्षफल र भविष्य फल प्राप्त हुन्छ। त्यसैले सेवाको लागि निमित्त भएका छौ। सेवामा निमित्त भाव राखेर सदा अगाडि बढ्दै जाऊ। जहाँ निमित्त भाव हुन्छ, मेरो-पनको भाव हुँदैन त्यहाँ सदा उन्नति प्राप्त भइरहन्छ। यो निमित्त भावले शुभ भावना, शुभ कामनालाई स्वत: जागृत गराउँछ। आजकल शुभ भावना, शुभ कामना छैन, त्यसैको कारणले निमित्त भावको बदलामा मेरो-पन आएको छ। यदि निमित्त सम्झियौ भने गराउनेवाला बाबालाई सम्झन्छौ। गर्ने गराउनेवाला स्वामीले सदा नै श्रेष्ठ गराउनु हुन्छ। निमित्तपनको बदलामा राज्यका प्रवृत्तिहरू गृहस्थी बनेका छन्। गृहस्थीमा बोझ हुन्छ र निमित्त भावमा हल्का पन हुन्छ। जब सम्म हल्का हुँदैनौ तब सम्म निर्यण शक्ति पनि हुँदैन। निमित्त छौ त्यसैले हल्का छौ त्यसैले निर्णय शक्ति श्रेष्ठ छ, त्यसैले सदा निमित्त रहनु छ। निमित्त छौ, यो भावना फलदायक छ। भावनाको फल मिल्छ। त्यसैले यो निमित्तपनको भावनाले सदा श्रेष्ठ फल दिइरहन्छ। त्यसैले सबै साथीहरूलाई यो स्मृति दिलाऊ– निमित्त भाव, ट्रस्टीपनको भाव राख। तब यो राजनीति विश्वको लागि श्रेष्ठ नीति हुनेछ। सारा विश्वले यस भारतको राजनीतिलाई नक्कल गर्ने छन्। तर यसको आधार ट्रस्टीपनको भाव अर्थात् निमित्त भाव हो।

**कुमारहरू सँग:–** कुमार अर्थात् सर्व शक्तिहरूलाई, सर्व खजानाहरूलाई जम्मा गरेर अरूलाई पनि शक्तिवान बनाउने सेवा गर्नेवाला। सदा यही सेवामा व्यस्त रहन्छौ नि। व्यस्त रह्यौ भने उन्नति भइरहने छ। यदि अलिकति पनि खाली भयो भने व्यर्थ चल्ने छ। समर्थ रहनको लागि व्यस्त रहने गर। आफ्नो समय तालिका बनाऊ। जसरी शरीरको समय

तालिका बनाउँछौ त्यसरी बुद्धिको पनि समय तालिका बनाऊ। बुद्धिले व्यस्त रहने योजना बनाऊ। व्यस्त रह्यौ भने सदा उन्नति प्राप्त गर्ने छौ। आजकलको समय प्रमाण कुमार जीवनमा श्रेष्ठ बन्नु, धेरै ठूलो भाग्य हो। हामी श्रेष्ठ भाग्यवान आत्मा हौं, यही सदा सोच। याद र सेवाको सदा सन्तुलन रहोस्। सन्तुलन राख्नेहरूलाई सदा आशीर्वाद प्राप्त भइरहन्छ। अच्छा–

**चुनिएका विशेष अव्यक्त महावाक्यः–**

## परमात्म प्यारमा सदा डुबिराख

परमात्म प्यार आनन्दमय झूला हो, यस सुखदाई झूलामा झूल्दै सदा परमात्म प्यारमा डुबिरह्यौ भने कहिल्यै कुनै परिस्थिति अथवा मायाको हलचल आउन सक्दैन। परमात्म-प्यार असिमित छ, अटल छ, यति छ जो सर्वलाई प्राप्त हुन सक्छ। तर परमात्म-प्यार प्राप्त गर्ने विधि हो– न्यारा बन्नु। जो जति न्यारा हुन्छ त्यति ऊ परमात्म प्यारको अधिकारी हुन्छ। परमात्म प्यारमा समाहित भएका आत्माहरू कहिल्यै पनि हदको प्रभावमा आउन सक्दैनन्। सदा बेहदको प्राप्तिहरूमा मग्न रहन्छन्। उनीहरूबाट सदा रूहानी सुगन्ध आउँछ। प्यारको निशानी हो– जो सँग प्यार हुन्छ उसमाथि सबै समर्पण गरिदिन्छन्। बाबाको बच्चाहरू सँग यति प्यार छ, जो सदा प्यारको जवाफ दिनको लागि यति लामो पत्र लेख्नुहुन्छ। याद-प्यार दिनु हुन्छ र साथी बनेर सदा सथ रहने वचन पूरा गर्नु हुन्छ। त्यसैले यस प्यारमा आफ्ना सबै कजोरीहरूलाई समाप्त गरिदेऊ। बच्चाहरू सँग बाबाको प्यार छ त्यसैले सदा भन्नु हुन्छ– बच्चाहरू जो छौ, जस्ता छौ, मेरा हौ। त्यसैगरी तिमीहरू पनि सदा प्यारमा डुबेर दिलबाट भन– बाबा जो हुनुहुन्छ, सबै हजुर नै हो। कहिल्यै पनि असत्यको राज्यको प्रभावमा नआऊ। जो सँग प्यार हुन्छ उसलाई याद गरिँदैन, त्यसको याद स्वत: आउँछ। केवल प्यार दिलको होस्, सच्चा र निःस्वार्थ होस्। जब भन्छौ मेरो बाबा, प्यारो बाबा, प्यारोलाई कहिल्यै भुल्न सकिदैन। नि:स्वार्थ प्यार बाबा बाहेक कुनै आत्माबाट मिल्न सक्दैन त्यसैले कहिल्यै मतलबले याद नगर, नि:स्वार्थ प्यारमा डुबिराख। परमात्म-प्यारको अनुभवी बन र यही अनुभवले सहजयोगी बनेर उडिरहने छौ। परमात्म-प्यार उडाउने साधन हो। उड्नेहरू कहिल्यै धर्तीको आकर्षणमा आउन सक्दैनन्। मायाको जति सुकै आकर्षित रूप होस् तर त्यो आकर्षण उड्तीकला भएकाहरू सम्म पुग्न सक्दैन। यो परमात्म प्यारको डोरीले टाढा-टाढाबाट तानेर ल्याउँछ। यो यस्तो सुखदायी प्यार हो, जो यस प्यारमा एक सेकेन्ड पनि डुब्ने छ, उसले अनेक दु:ख भुल्ने छ र सदाको लागि सुखको झूलामा झूल्न लाग्ने छ। जीवनमा जे चाहिन्छ यदि त्यो कसैले दिन्छ भने त्यही प्यारको निशानी हुन्छ। त्यसैले बाबाको तिमी बच्चाहरू सँग यति प्यार छ जसले जीवनका सुख-शान्तिका सबै कामनाहरू पूर्ण गरिदिनु हुन्छ। बाबाले सुख मात्रै दिनु हुन्न तर सुखको भण्डारको मालिक बनाइदिनु हुन्छ। साथ-साथै श्रेष्ठ भाग्यको रेखा लेख्ने कलम पनि दिनु हुन्छ, जति चाहन्छौ त्यति भाग्य बनाउन सक्ने छौ– यही परमात्म प्यार हो। जो बच्चा परमात्म प्यारमा सदा डुबिरहने, हराइरहने हुन्छन् तिनीहरूको झलक र फलक, अनुभूतिका किरणहरू यति शक्तिशाली हुन्छन् जहाँ कुनै पनि समस्याले नजिक आउन त छोड, आँखा उठाएर हेर्न पनि सक्ने छैन। उनीहरूलाई कहिल्यै पनि कुनै पनि प्रकारको मेहनत हुन सक्दैन।

बाबाको बच्चाहरू सँग यति प्यार छ जो अमृतबेला देखि नै बच्चाहरूको पालना गर्नु हुन्छ। दिनको आरम्भ नै कति श्रेष्ठ हुन्छ। स्वयं भगवानले मिलन मनाउनको लागि बोलाउनु हुन्छ, रूहरिहान गर्नु हुन्छ, शक्ति भर्नु हुन्छ। बाबाको

प्यारको गीतले तिमीहरूलाई उठाउँछ। कति स्नेहले बोलाउनु हुन्छ, उठाउनु हुन्छ– मीठे बच्चे, प्रिय बच्चे आऊ...। त्यसैले यस प्यारको पालनाको यथार्थ स्वरूप हो "सहज योगी जीवन"। जो सँग प्यार हुन्छ, उसलाई जे राम्रो लाग्छ त्यही गरिन्छ। त्यसैले बाबालाई बच्चाहरू निराश भएको राम्रो लाग्दैन। त्यसैले कहिल्यै पनि यो न भन्नु– के गर्ने कुरा नै त्यस्तो थियो त्यसैले निराश भएँ... यदि कुरा निराश हुने आए पनि तिमी त्यस स्थितिमा नआऊ।

बापदादाको बच्चाहरू सँग यति प्यार छ जुन सम्झनु हुन्छ हरेक बच्चा म भन्दा पनि अगाडि जाउन्। दुनियाँमा पनि जो सँग धेरै प्यार हुन्छ, उसलाई आफू भन्दा पनि अगाडि बढाउँछन्। यही प्यारको निशानी हो। बापदादाले भन्नुहुन्छ– मेरा बच्चाहरूमा अब केही पनि कमी नरहोस्, सबै सम्पूर्ण, सम्पन्न र समान बनुन्। आदिकाल, अमृतबेलामा आफ्नो दिलमा परमात्म प्यारलाई सम्पूर्ण रूपले धारण गर। यदि दिलमा परमात्म प्यार, परमात्म शक्ति, परमात्म ज्ञान पूरा छ भने कहिल्यै कोही तर्फ पनि लगाव अथवा स्नेह जान सक्दैन।

यस्तो परमात्म प्यार यही एक जन्ममा नै प्राप्त हुन्छ। ८३ जन्म देव आत्मा वा साधारण आत्माहरूद्वारा प्यार मिल्यो, अहिले मात्र परमात्म प्यार मिल्छ। त्यो आत्माको प्यारले राज्य-भाग्य गुमाइदिन्छ र परमात्म प्यारले राज्य-भाग्य दिलाउँछ। त्यसैले यस प्यारको अनुभूतिमा समाहित भइराख। बाबा सँग सच्चा प्यार छ भने प्यारको निशानी हुन्छ– समान र कर्मातीत बन्नु। कर्ता भएर कर्म गर र गराऊ। कर्मेन्द्रियले तिमीबाट नगराओस् तर तिमीले कर्मेन्द्रियद्वारा गराऊ। कहिल्यै पनि मन, बुद्धि अथवा संस्कारको वशमा भएर कुनै पनि कर्म नगर।

**वरदान:–** **निर्बलबाट बलवान बनेर असम्भवलाई सम्भव बनाउने हिम्मतवान आत्मा भव**

"हिम्मते बच्चे मदते बाबा" यस वरदानको आधारमा हिम्मतको पहिलो दृढ संकल्प गऱ्यौ– मलाई पवित्र बन्नु नै छ र बाबाले पदमगुणा मदत पनि दिनु भयो– तिमी आत्माहरू अनादि-आदि पवित्र हौ, अनेक पटक पवित्र बन्यौ र बनिरहने छौ। अनेक पटकको स्मृतिले समर्थ बन्यौ। निर्बलबाट यति बलवान बन्यौ जसले गर्दा चुनौती दिन्छौ– विश्वलाई पनि पावन बनाएर देखाउँछौ, जसलाई ऋषि मुनि महान आत्माहरूले पनि सम्झन्छन्– प्रवृत्तिमा रहेर पवित्र रहन मुश्किल छ, त्यसलाई तिमीहरूले अति सहज भन्छौ।

**स्लोगन:–** दृढ संकल्प गर्नु नै व्रत लिनु हो, सच्चा भक्तले कहिल्यै व्रत तोड्दैनन्।

**ब्रह्मा बाबा समान बन्नको लागि विशेष पुरुषार्थ:–**

जसरी ब्रह्मा बाबा साधारण रूपमा भएर पनि असाधारण अथवा अलौकिक स्थितिमा रहनु भयो त्यसैगरी बाबालाई अनुसरण गर। जसरी ताराहरूको संगठनमा जुन विशेष सितारा हुन्छ, त्यसको चमक र झलक टाढाबाट नै न्यारा र प्यारा लाग्छ। त्यसैगरी तिमी तारा पनि साधारण आत्माहरूको बीचमा विशेष आत्मा देखियोस्।